संघीय संसद

प्रतिनिधि सभा

# शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

बैठक संख्याः १८

मिति-२०८०/०६/३०

## निर्णय

शिक्षा,- स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठक समितिको सभापति मा.भानुभक्त जोशीको सभापतित्वमा बस्यो । बैठकका निर्णयहरु देहायबमोजिम रहेका छन्:-

१ चिकित्सा शिक्षा एवम् सिटिइभिटीको सम्बन्धन र गुणस्तर लगायतका विषयमा अध्ययन प्रतिवेदनको लागि गठित उपसमितिको समयावधि प्राविधिक कारणले मिति २०८०/०७/२० सम्म कायम गर्ने निर्णय गरियो ।

२ संसदीय समितिहरुको प्रयोजनार्थ संघीय संसद सचिवालयवाट प्राप्त बार्षिक कार्यक्रम र विनियोजित रकमका सम्बन्धमा समितिका माननीयहरुलाई अवगत गराइयो ।

३ समितिले आवश्यकता ठहर गरेको विषयमा समस्या समाधान एवम् गुणस्तर सुधारका लागि शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको कार्यक्षेत्र अन्तर्गतका विषय क्षेत्रगत उपसमिति वा कार्यदल गठन गर्ने निर्णय गरियो ।

४ एम.बि.बि.एस अध्ययनरत एवम् आन्दोलनरत विद्यार्थीहरुको मौका परीक्षा र शुल्क फिर्ता सम्बन्धी विषयका सवालमा सरोकारवला निकायहरुसंग थप छलफल गर्ने । यस सम्बन्धमा मा.सुमना श्रेष्ठको संयोजकत्वमा मा.विद्या भट्टराई र मा. ज्ञानु बस्नेत सुवेदीलाई उक्त मागको औचित्यता र अध्ययन सम्बन्धमा जिम्मेवारी दिने निर्णय गरियो ।

५ समितिको बार्षिक एवम् आवधिक कार्ययोजना तयार गर्ने निर्णय गरियो ।

६ इजरायलमा हमासको आक्रमणबाट मृत्युवरण गरेका विद्यार्थीहरुको दिबङ्गत आत्माको चीरशान्ति र शोकाकुल परिवारजनमा समवेदना दिने निर्णय गरियो । साथै हमासको आक्रमणबाट पीडित विद्यार्थीहरु एवम् नेपालीहरुको सुरक्षाको प्रत्याभूति र नेपाल ल्याउने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गर्ने निर्णय गरियो ।

७ बझाङ जिल्लमा भर्खरै गएको भूकम्पको कारण शिक्षा र स्वास्थ्य क्षेत्रमा भएको क्षति र पुर्ननिर्माणको लागि सरकारलाई निर्देश गर्ने निर्णय गरियो ।

समितिका माननीय सदस्यहरु एवम् समिति सचिवालयका कर्मचारीहरुबीच विजया दशमी २०८० को अवसरमा शुभकामना आदानप्रदान गर्दै समितिको अर्को बैठक सूचना जारी भएपछि बस्ने गरी आजको बैठक स्थगित भयो ।

(निर्मलादेवी लामिछाने (वस्ती))
समिति सचिव

(मा. भानुभक्त जोशी)
सभापति